| २०७७ बैशाख १ देखि भदौ २ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २१६ | ५८ | १६२ | ७ | १२ | ३ | ५१ | ० | १६५ | **२७४** | **७०** | **३३०** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ २ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २१४ | ५८ | १६१ | ४ | ११ | १ | २१ | ० | ४६ | **२३९** | **६९** | **२०८** |
| **२०७७ भदौ २ देखि ३ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | अबिरल वर्षा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ३ | १ | **४** | १ | ० | **१** | ० | १ | **१** | ० | ३ | **३** |

# दैनिक विपद् बुलेटिन

२ भदौ विहान १०:०० बजेदेखि ३ भदौ बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर ४ स्थानमा **आगलागी,** २ स्थानमा **पहिरो,** २ स्थानमा **अबिरल बर्षा,** २ स्थानमा **बाढी,** १ स्थानमा **चट्याङ्ग,** १ स्थानमा **जंगली बदेलको आक्रमण**का घटना घटेका छन् । यी घटनामा परेर ९ जनाको **मृत्यु,** २ जना **बेपत्ता, १२** जना **घाईते** भएका छन् । करिव **१३ लाख २५ हजार रुपैंया** बराबरको धनमान क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ९ | २ | १२ | १२ | १३,२५,००० | ० | ८ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **१२** वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोक** थप अपडेट मिति २०७७।४।३० गते जुगल गाउँपालिका वडा नं २ लिदीमा गएको **पहिरोमा** परि बेपत्ता भएकाहरु मध्ये **३ जनाको शब** फेला परेको । **हालसम्म २४ जनाको मृत्यु, १५ जना बेपत्ता, ५ जना (बेपत्ता थपघट हुन सक्ने)**
- **जाजरकोट**को छेडागाडँ नगरपालिका वडा नं १३ स्थित एक घरमा राती परेको **चट्याङ**का कारण **एक ३ वर्षिय बालकको मृत्यु,** साथै ३ वटा खसि र बाख्राको पनि मृत्यु ।
- **बाजुरा**को खप्तड छेडेदह गाउँपालिका वडा नं ५ बनकाँडा लेकमा गाई गोरू चराउनको लागी अस्थाई रुपमा खर्क बनाई बस्ने गरेका एक परिवारको खर्क माथिबाट **पहिरो** आउँदा **एक ३ बर्षिया बालिकाको मृत्यु, २ जना घाईते** । बुढिनन्दा नगरपालिका वडा नं ६ दैयास्थित बड्डीगाड खोलामा आएको **बाढी**ले बगाउँदा घट्टमा गँहु पिस्न गएकी **एक ७५ बर्षिया महिलाको मृत्यु** ।

## घट्ना सारांश...

- **दैलेख**को ठाँटीकाँध गाउँपालिका वडा नं ४ गैरीगाँउस्थित एक घर **अबिरल बर्षा**को कारण भत्किन जाँदा **२ जनाको घरले च्यापिएर मृत्यु** । अन्य विवरण आउन बाँकी । भगवतिमई गाउँपालिका वडा नं ५ चाग्ला स्थित एक घर **अबिरल बर्षा**को कारण भत्किन जाँदा **६६ वर्षीय एक पुरुषको मृत्यु** । अन्य विवरण आउन बाँकी ।
- **बझाङ्ग**को बुङ्गल नगरपालिका वडा नं ५ मिडिगाँउस्थित एक घरको माथिबाट **पहिरो** आई घर पूर्णरुपमा क्षति हुँदा **२ जना बेपत्ता, ३ जना घाईते** र २ वटा गाई ३ वटा बाख्रा समेत मरेको ।
- **कञ्चनपुर**को बेदकोट नगरपालिका वडँ नं १० चथहरीस्थित एक घरभित्र **जंगली बदेल** पसि आक्रमण गर्दा ४ जना **घाईते** ।
- **चितवन**को कालिका नगरपालिका वडा नं ७ कल्वचोकस्थित एक किराना पसलमा विद्युत सर्ट भई **आगलागी** हुँदा आगोले पोली ११ बर्षका **एक बालक घाईते** भएको र पसलको बिभिन्न सरसामान जली **४ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।
- **बारा**को जितपुरसिमरा उपमहानगरपालिका वडा नं २३ भलुहीस्थित बिद्युतको सब स्टेशनमा बिद्युतको बोर्डबाट एक्कासी **आगो निस्किन गई** आगोले पोली **एक जना घाईते** ।
- **सुनसरी**को ईटहरी उपमहानगरपालिका वडा नं १३ स्थित एक पेपर मिलमा वाईरिङ गर्ने क्रममा बिजुलीको तार सर्ट भई **आगलागी** हुँदा पेपर बनाउने कार्टुन जली **५ लाख रुपैंया** बराबरको क्षति ।
- **भोजपुर**को आमचोक गाउँपालिका वडा नं ५ स्थित एक घरमा सोलारको तार सर्ट भई **आगलागी** हुँदा घर पुर्णरुपमा जलि घर भित्र रहेको अन्नपात, भाँडावर्तन, लत्ताकपडा, फर्निचर, नगद समेत जलि **३ लाख ७५ हजार रुपैंया** वरावरको क्षति ।आगो नियन्त्रणमा लिने क्रममा **एक** जनालाई ढाडमा सामान्य पोलि घाईते ।
- **अछाम**को रामारोशन गाउँपालिका वडा नं ५ सैनिबजारस्थित कैलाश खोलाको छेउछाउमा रहेका अन्दाजी १०।१२ वटा घरहरू कैलाश **खोलाले बगाई** क्षति पुऱ्याएको । अन्य विवरण आउन बाँकी ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरो, आगलागी, र जंगली बदेलको आक्रमणका कारण घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पठाइएको, सिन्धुपाल्चोकको लिदी लगायतका पहिरोमा परी बेपत्ता भएकाहरुको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## वर्षाको सारांश

भदौ ०२ गते बिहान ०८:४५ बजे देखि भदै ०३ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/०३ गते बिहान ०८:४५ बजे १८८ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ४९ र स्वचालितः १३९) मा मापन गरिएको वर्षाको विवरण अनुसार १३५ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१३९.२ मि. मी.) बाँके जिल्लाको ढाकेरी केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ७ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, २६ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ५० वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ७७ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि <u>www.dhm.gov.np/climate/</u>मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

भदौ-०३ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै हुने । आज कर्णाली, महाकाली र यसका प्रमूख सहायक नदीमा बहाव बढ्दो हुने र केहि सहायक नदीमा सतर्कता नजिक हुने । कर्णाली र महाकालीका जलाधारका केहि स-साना सहायक नदीमा बहाव सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमतीमा बहाव सामान्य घटबढ हुने, पश्चिम राप्ती, बबई लगायतमा बहाब बढ्ने र सतर्कता भन्दा तलै हुने । आज पश्चिम राप्ती, बबई र यसका केहि स-साना सहायक नदीमा बहाब बढ्ने र केहिमा सतर्कता आसपास हुने ।
- आज कान्द्रा, मोहना, खुट्टिया, मछेली, सुहेली, चौधर, रंघुन, चमेलिया लगायत दाङ, बाँकि, बर्दिया, सुर्खेत, सल्यान, दैलेख, कालिकोट, डोटी, अछाम,बाजुरा, कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी, दार्चुला भई बहने साना नदीमा बहाव उल्लेख्य बढ्ने र केहिमा आकस्मिक वहाव (Flash Flood) भई सतर्कता आसपास हुने पुर्वानुमान छ ।
- आज नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, का. उपत्यका, धादिङ, मकवानपुर, चितवन, गोरखा, लमजुङ, तनहूँ, कास्की, बागलुङ, पर्वत, स्याङजा, रोल्पा, रूकुम, प्यूठान भई बहने केहि स-साना नदीमा बहाव केहि बढ्ने तर सतर्कता भन्दा तलै हुने ।

नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइट:http://hydrology.gov.np/